जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १४४ २०८२ साल पुस २२ गते मंगलबार (6 Jan 2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : निजी अस्पताल सञ्चालन ... ३ पृष्ठमा : दोस्रो राष्ट्रिय आर्थिक... ३ पृष्ठमा : भेनेजुएलामा अमेरिकी ...

# धर्मका नाममा फैलाइने घृणा र विभाजन अस्वीकार्य : मुख्यमन्त्री यादव

**दैनिक समाचारदाता**
**जनकपुर, २१ पुस ।**

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले धर्मका नाममा फैलाइने घृणा र विभाजन सभ्य समाजका लागि अस्वीकार्य भएको बताएका छन् ।

मुख्यमन्त्री यादवले सोमबार एक वक्तव्य जारि गर्दै यस्ता गतिविधिले समाजलाई थप कमजोर बनाउने स्पष्ट पार्दै सबै धर्मगुरु, राजनीतिक दल, युवा र सचेत नागरिकलाई संयम, संवाद र सहअस्तित्वको बाटो अपनाउन आग्रह गरे ।

प्रदेश हिन्दु मुस्लिमसहित सबै समुदायको साझा घर रहेकोले यहाँको विविधतामै एकताको शक्ति नै मधेस रहेकोमा सबै पक्षसंग शान्ति कायम राख्न अपिल समेत गरेका छन् ।



मुख्यमन्त्री यादवले एकतामा नै मधेसको वास्तविक सामर्थ्य रहेको र विभाजनले समाज तथा राज्यलाई कमजोर बनाउने भएको हुँदा बाहिरि चलखेललाई चिर्दै आपसी भाईचारा र एकता कायम राख्न सबै पक्षको त्यतीकै दायित्व रहेको बताए ।

पछिल्लो समय धनुषा र पर्सामा टिकटक भिडियोका कारण उत्पन्न धार्मिक तनाव, अफवाह र उत्तेजनाप्रति गम्भीर ध्यानाकर्षण भएको मुख्यमन्त्री यादवले हिंसाबाट कहिल्यै समाधान नहुने बताए ।

अफवाह फैलाउने र घृणात्मक गतिविधिमा संलग्नलाई कानुन बमोजिम कडा कारवाही हुने उनले चेतावनी दिए ।

प्रदेश सरकार सबै नागरिकको सुरक्षा, सम्मान र समान अधिकारप्रति पूर्ण प्रतिबद्ध रहेको जनाउँदै उनले शान्ति-सुरक्षालाई थप मजबुत बनाइने जानकारी दिए ।

समस्या संवादबाट मात्र समाधान हुने र द्वन्दबाट कहिल्यै नहुने उनले धारणा राख्दै उनले पछिल्ला क्षति र विध्वंसप्रति खेद व्यक्त गर्दै मधेस सधैं शान्ति, सद्भाव र मानवीय मूल्यको प्रतीक बन्ने प्रतिबद्धता जनाए ।

# स्रोत नखुलेको रकमसहित भारतीय महिला पक्राउ

**दैनिक समाचारदाता**
**रौतहट, २१ पुस ।**

रौतहटको सीमावर्ती भारतीय बजार बैरगनियाबाट नेपालतर्फ प्रवेश गर्दै गरेकी एक भारतीय महिलालाई स्रोत नखुलेको रकमसहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

गौर भन्सार अगाडि खटिएको प्रहरी चेकिङ टोलीले आइतबार दिउँसो पैदल नेपाल आउँदै गरेकी भारत बिहार राज्यको सितामढी जिल्ला बैरगनिया निवासी ४५ वर्षीया रामकली देवीलाई पक्राउ गरेको हो ।

जाँचका क्रममा प्रहरीले उनको साथबाट कुल २ लाख ५० हजार ३ सय ६० नेपाली रुपैयाँ बराबरको नगद बरामद गरेको छ । बरामद रकममा नेपाली १ हजार दरका १८० थान, ५ सय दरका १३३ थान, १ सय दरका ३७ थान र भारतीय १ सय दरको एक थान नोट रहेको छ ।

नगदको वैधानिक स्रोत खुलाउन नसकेपछि ती महिलालाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कानुनी कारवाही अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# वीरगञ्जको विभिन्न क्षेत्रमा निषेधाज्ञा जारी



**दैनिक समाचारदाता**
**पर्सा, २१ पुस ।**

जिल्ला प्रशासन कार्यालय पर्साले वीरगञ्ज महानगरपालिकाका विभिन्न क्षेत्रमा निषेधाज्ञा जारी गरेको छ ।

धार्मिक तथा सामाजिक विषयलाई लिएर उत्पन्न तनाव र सम्भावित झडपको जोखिमलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले सो निषेधाज्ञा जारि गरेको हो ।

जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सोमबार दिउँसो १ बजेदेखि अर्को आदेश नभएसम्मका लागि संवेदनशील क्षेत्रहरूमा यो आदेश लागू गरिएको छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) बमोजिम शान्ति-सुरक्षा कायम राख्न यो कदम चालिएको प्रशासनले जनाएको छ ।

निषेधाज्ञा लागू गरिएका क्षेत्रहरूमा पूर्वतर्फ बसपार्क, पश्चिमतर्फ सिर्सिया पुल, उत्तरतर्फ पावर हाउस चोक र दक्षिणतर्फ शङ्कराचार्य गेट रहेका छन् ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालद्वारा जारी

*बाँकी अन्तिम पृष्ठमा*

# फरार प्रतिवादी पक्राउ गरी अदालतमा दाखिला

**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

सप्तरी जिल्ला अदालत राजविराजबाट विभिन्न मुद्दामा सजाय तोकिएर फरार रहेका प्रतिवादीहरुलाई जिल्ला प्रहरी कार्यालय सप्तरीले पक्राउ गरी अदालतमा दाखिला गरेको छ ।

फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परेका फरार प्रतिवादीहरुलाई आइतबार सप्तरी जिल्ला अदालतमा बुझाइएको हो ।

पक्राउ पर्नेमा रुपनी गाउँपालिका वडा नं. ३ का राजु प्रसाद साह रहेका छन् । उनलाई अदालतले बहुविवाह मुद्दामा ११ महिना ५ दिन कैद र पाँच हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

यस्तै सोही गाउँपालिका वडा नं. २ की श्रीदेवी मण्डललाई लेनदेन मुद्दामा ५ महिना कैद र वडा नं. ६ का संजय सदालाई वन सम्बन्धी मुद्दामा १६ हजार ७२ रुपैयाँ जरिवाना तोकिएको थियो ।

त्यसैगरी तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ८ का रामपुकार मण्डललाई कुटपिट तथा लुटपिट मुद्दामा ७ दिन कैद र एक हजार रुपैयाँ जरिवाना, सोही ठाउँका शिवनारायण मण्डललाई पनि सोही मुद्दामा ७ दिन कैद र एक हजार रुपैयाँ जरिवाना तथा सरस्वती देवी मण्डललाई कुटपिट तथा लुटपिट मुद्दामा ७ दिन कैद र एक हजार रुपैयाँ जरिवाना सजाय सुनाइएको थियो ।

यस्तै, शम्भुनाथ नगरपालिका वडा नं. १२ का शिवचन्द्र पण्डितलाई गाली बेइज्जती मुद्दामा एक सय रुपैयाँ जरिवाना तोकिएको थियो ।

पक्राउ परेका सबै प्रतिवादीहरूबाट जम्मा ११ महिना ३१ दिन कैद र २४ हजार एकसय ७२ रुपैयाँ जरिवाना असुलीका लागि सप्तरी जिल्ला अदालतमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

# ट्रकको ठक्करबाट महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी, २१ पुस ।**

महोत्तरीको बलवा नगरपालिका ११ मा सोमबार ट्रकले ठक्कर दिँदा बाटो काट्दै गरेकी एक महिलाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार बलवा ११ मा ट्रकले ठक्कर दिँदा स्थानीय ५१ वर्षीया बुधनीदेवी ठाकुरको मृत्यु भएको हो ।

लोहारपट्टी नगरपालिकाबाट रामगोपालपुर नगरपालिकातर्फ जाँदै गरेको ना ६ ख ९१५३ नम्बरको ट्रकले बाटो काट्दै गरेकी ठाकुरलाई ठक्कर दिएको हो ।

*बाँकी अन्तिम पृष्ठमा*

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

